# म्याग्दे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः७ संख्याः१९ प्रकाशन मितिः

म्याग्दे गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखित बमोजिको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) कमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

**भाग-२**

## करार शिक्षक नियुक्ति कार्यविधि-२०८०

गाउँपालिकाबाट स्वीकृत मितिः२०८०/०९/०१

# म्याग्दे गाउँपालिकाको करारमा शिक्षक नियुक्ति सम्बन्धि कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८०।०९।०१

गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरूमा रिक्त हुन आएका स्वीकृत दरबन्दी, राहत दरबन्दी, शिक्षण सिकाइ सहयोग अनुदान कोटा, वालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूको दरबन्दीमा करारमा नियुक्ति सम्बन्धि व्यवस्थालाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक भएकोले म्याग्दे गाउँपालिको स्थानीय शिक्षा ऐन २०७६, को दफा १७(४) तथा दफा ५० ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छद १- प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम करारमा शिक्षक नियुक्ति सम्बन्धि कार्यविधि,२०८० रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "गाउँपालिका" भन्नाले म्याग्दे गाउँपालिकालाई सम्झनु पर्दछ।

ख) "ऐन" भन्नाले म्याग्दे गाउँपालिकाको शिक्षा ऐन २०७५ सम्झनुपर्छ।

ग) "अध्यक्ष" भन्नाले म्याग्दे गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ।

घ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले म्याग्दे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

ङ) "शाखा" भन्नाले शिक्षा युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

च) "शिक्षा अधिकृत" भन्नाले शिक्षा युवा तथा खेलकुद शाखाको जिम्मेवारी सम्हाल्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ।

छ) "स्रोतव्यक्ति" भन्नाले विद्यालय अनुगमन, निरीक्षण, सुपरीवेक्षण, मूल्याङ्कन तथा शैक्षिक सहजीकरण सम्बन्धी कार्य गर्न ऐनको दफा १९ (क) बमोजिम तोकिएको स्थायी शिक्षक सम्झनु पर्छ।

ज) "विद्यालय व्यवस्थापन समिति" भन्नाले ऐनको दफा २० बमोजिम गठन भएको समिति सम्झनुपर्छ।

झ) "प्रधानाध्यापक"भन्नाले म्याग्दे गाउँपालिका भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापक सम्झनुपर्छ।

ञ) "शिक्षक" भन्नाले स्वीकृत दरबन्दी, राहत दरबन्दी, प्रारम्भिक वालविकास सहयोगी कार्यकर्ता, शिक्षण सिकाइ सहयोग अनुदान कोटा(संघीय, प्रदेश र स्थानीय सरकारबाट प्राप्त), सट्टामा कार्यरत शिक्षकलाई सम्झनुपर्छ।

ट) "विशेषज्ञ" भन्नाले गाउँपालिकामा सूचिकृत विशेषज्ञ[माध्यमिक र आधारभूत तह कक्षा (६-८) को लागि विषयगत समेत] सम्झनुपर्छ।

## परिच्छेद २- शिक्षक छनोट समिति,पदपूर्ति र छनोट प्रकृया

**३. शिक्षक छनोट समितिः** गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुमा रिक्त हुन आएका स्वीकृत दरबन्दी वा अनुदान कोटा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको दरबन्दीमा करारमा नियुक्ति गर्नका लागि देहायबमोजिमको शिक्षक छनोट समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

(ख) सम्बन्धित विषयको विज्ञ सूचीबाट एकजना विशेषज्ञ- सदस्य

(ग) गाउँपालिकाका स्रोतव्यक्ति, स्रोतव्यक्तिको काम गर्न तोकिएको कर्मचारी- सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य

(ङ) शिक्षा अधिकृत- सदस्य सचिव

**४. पदपूर्तिः** (१) सामुदायिक विद्यालयमा शिक्षक पद रिक्त भएपछि विद्यालयले रिक्त भएको तह, श्रेणी र विषय खोली सात दिनभित्र गाउँपालिकामा जानकारी दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम रिक्त पदमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित पदपूर्तिको लागि विज्ञापन गर्न गाउँपालिकामा अनुमति माग गर्नुपर्नेछ।

(३) पदपूर्ति माग भएकोमा गाउँपालिकाले तह, श्रेणी र विषय खोली पदपूर्तिको लागि अनुमति दिनेछ।

(४) पदपूर्तिको लागि विज्ञापन अनुमति प्राप्त भएपछि विद्यालयले कम्तिमा पन्ध्र दिनको सूचना प्रकाशित गर्नेछ। विज्ञापनको सूचना सम्बन्धित विद्यालय, वडा कार्यालय र गाउँपालिकामा अनिवार्य टाँस गर्नुको साथै स्थानीय पत्रपत्रिका र सामाजिक सञ्जालमा समेत प्रकाशित गर्नुपर्नेछ।

(५) विज्ञापनको म्याद समाप्त भएपछि ऐनको दफा १७ (क) बमोजिमको छनोट समितिले शिक्षक छनोट गरी करारमा शिक्षक नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ।

**५. छनोट प्रक्रिया:** (१) करारमा शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरेको पाठ्यक्रम अनुसार सञ्चालन गर्नुपर्नेछ।

(२) लिखित परीक्षा र अन्तरवार्ता समेतबाट उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाई छनोट समितिले सफल उम्मेदवारको रुपमा करार नियुक्तिको लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ।

(३) शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगबाट तोके बमोजिमको संख्यामा वैकल्पिक उम्मेदवार छनोट गर्नुपर्नेछ।

(४) ऐनको दफा १७ को उपदफा (१) को खण्ड (ख) बमोजिम छनोट समितिमा विशेषज्ञ छनोट गर्दा गाउँपालिकामा सूचिकृत मध्येबाट परीक्षा सञ्चालन हुने दिन बिहान वा अघिल्लो दिन छनोट समितिको बैठक बसी गोला प्रथाद्वारा छनोट गर्नुपर्नेछ।

(५) छनोट प्रक्रियामा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र सम्बन्धित वडाका वडाध्यक्ष पर्यवेक्षकका रुपमा रहन सक्नेछन्।

(६) छनोट प्रक्रिया सम्बन्धी निर्णयहरु निर्णय पुस्तिकामा लेखी परीक्षा सम्पन्न भइसकेपछि परीक्षा सम्बन्धी सम्पूर्ण विवरणहरु अनुसूची -३ मा उल्लिखित ढाँचामा रहेका ११ वटा अभिलेखीकरण फारामहरुमा भरी जिम्मेवार अधिकारीबाट प्रमाणित गराई उत्तरपुस्तिका र प्रश्नपत्र समेतलाई समावेश गरी खामबन्दी गरेर कम्तीमा छ महिनासम्म सुरक्षित हुने गरी शाखामा राख्नुपर्नेछ।

## परिच्छेद ३ - विशेषज्ञसम्बन्धी व्यवस्था

**६.विशेषज्ञ सूचीकरण प्रक्रिया:** (१) ऐनको दफा १७ बमोजिमको कार्य गर्न विशेषज्ञ हुन चाहने स्थायी शिक्षकले गाउँपालिकाबाट सूचना प्रकाशित भएपछि तोकिएको अवधिभित्र दस्तुर र कागजात सहित निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना गर्दा निवेदन साथ सम्लग्न हुनुपर्ने कागजातहरु र निवेदन दस्तुर समेत तोकिनेछ।

(३) शाखाले उपदफा (१) र (२) बमोजिम निवेदन दिएका शिक्षकहरुको निवेदन छानविन गरी आधारभूत तह कक्षा (१-५), आधारभूत तह कक्षा (६-८) र माध्यमिक तहको लागि छुट्टाछुट्टै विशेषज्ञको सूची प्रकाशित गर्नेछ।

(४) उपदफा (२) बमोजिम सूची प्रकाशन गर्दा आधारभूत तह कक्षा (६-८) र माध्यमिक तहका लागि विषय समेत खुलाइ प्रकाशन गर्नुपर्नेछ।

**७.विशेषज्ञको योग्यता**:विशेषज्ञ हुन देहायको योग्यता हुनुपर्नेछ।

क) सम्बन्धित तहमा स्थायी सेवा अवधि एक वर्ष पूरा भइ कम्तिमा पाँच वर्षको शिक्षण अनुभव भएको।

ख) आधारभूत तह (१-५) को लागी स्नातक वा सो सरह उत्तीर्ण र तालिम प्राप्त।

ग) आधारभूत तह (६-८) का लागी सम्बन्धित विषयमा स्नातक वा सो सरह गरी तालिम प्राप्त।

घ) माध्यमिक तहका लागीसम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह गरी तालिम प्राप्त।

**८.विशेषज्ञ छनोट सम्बन्धी व्यवस्था**: (१) कुनै विषयमा कम्तीमा एक जना विशेषज्ञ सूचीकृत नभएमा वा सूचीकृत विशेषज्ञ उपलब्ध नभएमा धादिङ जिल्लाभित्रका अन्य स्थानीय तहमा सूचीकृत विशेषज्ञबाट समेत आमन्त्रण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका विशेषज्ञ मध्येछनोट समितिले गोलाप्रथाबाट विशेषज्ञ छनोट गर्नेछ।

(३) शिक्षा विकास तथा समन्वय इकाइ धादिङ र धादिङ जिल्लाका अन्य स्थानीय तहमा सूचीकृत विशेषज्ञको सूची शाखाले माग गरी अभिलेख राख्नेछ। छनोट भएका विशेषज्ञलाई पठाइदिन सम्बन्धित स्थानीय तह तथा विद्यालयलाई अनुरोध गर्नेछ।

**९.शिक्षक छनोट सम्बन्धी विशेष व्यवस्था**: (१) गाउँपालिका आफैंले आवश्यकता अनुसार वार्षिक रुपमा करारमा शिक्षक नियुक्तिको लागि विज्ञापन गर्न सक्नेछ।

(२) यस दफा बमोजिम विज्ञापन गर्दा एक शैक्षिक सत्र भरी विद्यालयहरुमा रिक्त हुनसक्ने शिक्षकको पद अनुमान गरी विज्ञापन गरिनेछ।

(३) तोकिएको संख्याका उम्मेदवारहरुलाइ करार योग्यताक्रम सूचीमा राखी नतीजा प्रकाशन गरिनेछ।

(४) उपदफा (३) बमोजिम योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरुलाई एक शैक्षिक सत्र भित्र विद्यालयहरुमा रिक्त हुने शिक्षक पदमा करार नियुक्तिको लागि सिफारिस गरिनेछ।

(५) उपदफा(४) बमोजिम सिफारिस भएका उम्मेदवारहरुलाई विद्यालय व्यवस्थापन समितिले करारमा नियुक्ति गर्नुपर्नेछ।

(६) कुनै विद्यालयमा शिक्षक छनोट परीक्षा सम्पन्न भई वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरु उपदफा (३) बमोजिमको योग्यताक्रमको सूचीमा रहेको मानिनेछ।

(७) उपदफा (६) बमोजिम वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरुको करार योग्यताक्रम उपदफा (३) बमोजिम सूचीकृत उम्मेदवार भन्दा पछाडी छनोट परीक्षा सञ्चालन भएको मितिको आधारमा हुनेछ।

## परिच्छेद ४ - करार नियुक्ति

**१०.करारमा शिक्षक नियुक्तिः** (१) यस कार्यविधि बमोजिम छनोट भएको शिक्षकलाई बढीमा एक शैक्षिक सत्रका लागि विद्यालय व्यवस्थापन समितिले अनुसूची - १मा उल्लेखित ढाँचामा करारमा नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ति हुने शिक्षकलाई अनुसूची - २ बमोजिमको ढाँचामा विद्यालय व्यवस्थापन समितिले करारनामा (सम्झौता) गराउनुपर्नेछ।

(३) करारमा नियुक्ति भएका शिक्षकको अभिलेखका लागि फाइल खडा गरी पन्ध्र दिन भित्र गाउँपालिका, शिक्षाविकास तथा समन्वय इकाइमा र गाउँपालिका शिक्षा

युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ।

(४) शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक नियुक्ति भइ आएमा करारमा नियुक्ति भएको शिक्षक जुनसुकै समयमा पनि अवकाश हुनेछ।

**११. वैकल्पिक उम्मेदवारले नियुक्ति पाउनेः** (१) सफल उम्मेदवारले सिफारिस भएको मितिले सात दिनभित्र करार नियुक्ति लिइ विद्यालयमा हाजिर हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सफल उम्मेदवारले करार नियुक्ति नलिएमा वा नियुक्ति लिइ हाजिर नभएमा वा उक्त पदमा त्यही शैक्षिक सत्र भित्रमा रिक्त भएमा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ।

**१२. स्वयंसेवक शिक्षकसम्बन्धी व्यवस्थाः** (१) प्रसुती बिदा वा कार्यरत शिक्षक अशक्त भई लामो विदा लिनु परेमा कार्यरत शिक्षकको सट्टामा बिदा अवधिभरको लागि गाउँपालिकाको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले विद्यालयको पठनपाठनमा असर नपर्ने गरी स्वयंसेवक शिक्षक नियुक्ति गरी पठनपाठनको व्यवस्था मिलाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्था गरिएको शिक्षक नियुक्तिको लागि विद्यालय व्यवस्थापन समितिले सम्बन्धित शिक्षक (सुत्केरी वा बिरामी) को स्वास्थ्य संस्थाबाट प्रेषित कागजपत्रसहित बिदा स्वीकृत गरी गाउँपालिकामा अनुमति माग गर्नुपर्नेछ।

(३) स्वयसेवक शिक्षक नियुक्तिको लागि गाउँपालिकाको सिफारिसमा विद्यालयले ३ दिनको म्याद राखी आवेदन माग गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमआवेदन माग गर्दा शिक्षक सेवा आयोगबाट प्रकाशित तथा गाउँपालिकाबाट करार योग्यताक्रमसूचीमा रहेका उम्मेदवारलाई प्राथमिकता दिनुपर्नेछ।

(५) करार योग्यताक्रममा सूचीकृत उम्मेदवारहरुको आवेदन नपरेमा तपसिलका आधारमा पचास पूणाङ्क हुनेगरी छनोट परीक्षा सञ्चालन गर्नुपर्नेछ।

(क) शिक्षण अनुभव वापत दश अंक ( प्रत्येक वर्षको दुई अंकको दरले बढीमा पाँच वर्षसम्मको )

(ख) न्यूनतम शैक्षिक योग्यता वापत दश अंक ( प्रथम श्रेणीदश अंक, द्वितीय श्रेणी सात अंकर तृतीय श्रेणी पाँच अंक )

(ग) माथिल्लो शैक्षिक योग्यता वापत पाँच अंक ( प्रथम श्रेणी पाँच अंक, द्वितीय श्रेणी तीन अंकर तृतीय श्रेणी दुई अंक )

(घ) अन्तरवार्ता वापत पच्चीस अंक

(६) उपदफा (१) बमोजिम व्यवस्था गरिएको शिक्षकलाई गाउँपालिकाको तर्फबाट तपसिल बमोजिमको पारिश्रमिकमासिक रुपमा उपलब्ध गराउनु पर्नेछ।

(क) बालविकास सहयोगी कार्यकर्ता गा पा अनुदान शिक्षक र विद्यालय कर्मचारीलाई बाह्र हजार रुपैया

(ख) आधारभूत तह (कक्षा १-५) शिक्षकलाई पन्ध्र हजार रुपैया

(ग) आधारभूत तह (कक्षा ६-८) शिक्षकलाई अठार हजार रुपैया

(घ) माध्यमिक तह (कक्षा ९-१०) शिक्षकलाई बाइस हजार रुपैया

(ङ) माध्यमिक तह (कक्षा ११-१२) शिक्षकलाई पच्चीस हजार रुपैया

(७) उपदफा (१) बमोजिम नियुक्त गरिएको शिक्षकको कार्य अवधि सम्बन्धित शिक्षकको बिदा अवधिभर मात्र हुनेछ। सम्बन्धित शिक्षक विद्यालयमा हाजिर भएको दिन देखि निज शिक्षकले स्वत अवकाश पाउनेछ।

**१३. उजुरीसम्बन्धी व्यवस्था:** (१) करारमा शिक्षक नियुक्ति सम्बन्धि विषयमा चित्त नबुझेमा चित्त नबुझ्ने उम्मेदवारले शिक्षा विकास तथा समन्वय इकाईमा कारण र आधार खोली उजुरी दिन सक्नेछन्।

(२) शिक्षा विकास तथा समन्वय इकाईले उजुरी उपर छानबिन गरी आवश्यक निर्णय गर्नेछ।

**१४. पारिश्रमिक र खर्चसम्बन्धी व्यवस्था:** (१) छनोट समितिमा रहने सबै सदस्यहरुले बैठक बसे वापत गाउँपालिकाको नियम अनुसार बैठक भत्ता पाउनेछन् तर एउटा विज्ञापन को शिक्षक सिफारिस गर्न तीन वटा भन्दा बढी बैठक बस्ने छैन।

(२)जिम्मेवारी तोकिएका सदस्यहरुर विशेषज्ञहरुलेप्रश्नपत्र निर्माण, प्रश्नपत्र मोडरेसन, परीक्षा सञ्चालन र व्यवस्थापन, उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण तथा अन्तरवार्ता सञ्चालन र अभिलेखीकरणजस्ता कामको जिम्मेवारी वहन गरे अनुसार समितिले तोकेको प्रचलित नियम अनुसारको पारिश्रमिक पाउनेछन्।

(३)विशेषज्ञहरुलाई यातायत खर्च वापतको थप रकम उपलब्ध गर्न सकिनेछ।

(४) उपदफा (१),(२) र (३) बमोजिमको खर्च गाउँपालिकाको स्वीकृत कार्यक्रमबाट खर्च गर्नुपर्नेछ।

(५) विद्यालयहरुले आवेदन शुल्क वापत जम्मा भएको रकम गाउँपालिकाको राजस्व खातामा जम्मा गर्नुपर्नेछ।

**१५. यस कार्यविधि बमोजिम हुने:** यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

**१६. कार्यविधिको व्याख्या:** यो कार्यविधिको व्याख्या गाउँ कार्यपालिकाले गरे बमोजिम हुनेछ।

**अनुसूची -१**

**नियुक्तिपत्रको ढाँचा**

.......................आधारभूतम /माध्यमिक विद्यालय

म्याग्दे...................... तनहुँ

मितिः -

**विषय:नियुक्ति सम्बन्धमा**

श्री.................................

.......................................

यस विद्यालयमा रिक्त रहेको दरबन्दीमा भएको................... विषयमा .......... तहको ................... विज्ञापनकोमिति मा ................ म्याग्दे गाउँपालिकामा सञ्चालन भएको छनोट परीक्षामा सफल हुनुभई नियुक्तिको लागि सिफारिस भई आउनुभएकोमा तपाईलाई यस विद्यालयको मिति ............ को निर्णय अनुसार नेपाल सरकार/बागमती प्रदेश सरकार/म्याग्दे गाउँपालिका बाट निकासा भए बमोजिम तलब भत्ता खाने गरी करारमा नियुक्ति गरिएको छ। शिक्षा ऐन तथा नियमावलीमा उल्लेखित आचारसंहितामा आधारित भइ प्र.अ.को मातहतमा रही कामकाज गर्नुहुन अनुरोध छ।

..................

प्रधानाध्यापक

बोधार्थः -

१.शिक्षा विकास तथा समन्वय इकाई तनहुँ, -अभिलेखीकरण गरिदिनुहुन।

२. श्री म्याग्दे गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा, -नियुक्ति समर्थन गरिदिनुहुन।

## अनुसुची - २

## करारनामाको ढाँचा

यस विद्यालय व्यवस्थापन समितिको मिति २०..../..../...को निर्णयानुसार शिक्षक नियुक्ति गर्ने विषयमाश्री………………………......विद्यालय..................................... (जसलाई यसपछि प्रथम पक्ष भनिनेछ ) र शिक्षक श्री.......................................... (जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ ) का बीच मिति २० ..../..../....मा सम्पन्न भएको करार सम्झौता पत्र दोस्रो पक्षले यस विद्यालयमा पुर्याउनुपर्ने मुख्य मुख्य सेवाको विवरण यस प्रकार रहेको छ ।

**दोस्रो पक्षले पुर्याउनु पर्ने सेवाको विवरणः**

१.शिक्षा नियमावली परिच्छेद २२ नियम १२२ मा उल्लेखित शिक्षकले पालना गर्नु पर्ने शिक्षक आचार संहिता पूर्णरुपमा पालना गर्ने ।

२.विद्यालयले जिम्मा दिएको विषयमा उच्च सिकाई उपलब्धी हासिल गर्न कार्ययोजना बनाइ कार्यन्वयन गर्नुका साथै विद्यालयबाट निर्धारण गरिएको दैनिक कार्यतालिका अनुसार अध्ययन अध्यपन गर्ने ।

३.विद्यालयले सञ्चालन गर्ने सबै क्रियाकलापमा सक्रिय सहभागिता जनाउने ।

४.विद्यालयको शिक्षक भएकोमा गर्व गर्दै विद्यालयको प्रगतिका लागि समर्पित हुने ।

५.विद्यालयमा कुनै घण्टी खाली भएमा विद्यालयले तोके बमोजिम शिक्षण गर्ने ।

६.बालमैत्र ी र भयरहित शिक्षण क्रियाकलापको अवलम्बन गर्ने ।

७. विद्यालय प्रधानाध्यापक एवं विद्यालय व्यवस्थापन समितिप्रति उत्तरदायी रहने ।

**दोस्रो पक्षले उल्लेखित सेवा उपलब्ध गराए वापत प्रथम पक्षले दिनुपर्ने सुविधाहरु र अन्य शर्तहरुः**

१. पारिश्रमिक मासिक रु ...................... का दरले ........... महिनाको हुन आउने रकम, भत्ता वापत मासिका रु .........  का दरले........... महिनाको हुन आउने रकम, पोशाक भत्ता वापत वर्षको एकमुष्ट रु ................, चाडपर्व खर्च वापत  वर्षमा १ महिनाको पारिश्रमिक वापत हुने रकम रु ..............., प्रथम पक्षले उपलब्ध गराउने छ ।

२.शिक्षकले किरिया बिदा र सुत्केरी बिदा नियमानुसार पाउने छन् । बिरामी बिदा वापत प्रति महिना एक दिनका दरले बिरामी बिदा पाउने तर उक्त बिदा सञ्चित नहुने र सो वापत कुनै रकम भुक्तानी गरिने छैन ।

३.स्थायी दरबन्दीमा कार्यरत शिक्षक सरह निवृतीभरण उपदान औषधोपचार खर्च उपलब्ध गराइने छैन ।

४.विद्यालयबाट उपलब्ध गराइने अन्य सुविधाहरुमा बैठक भत्ता तालिम भत्ता तथा दैनिक भ्रमणभत्ता र अन्य सुविधा वि.व्य.स. ले निर्णय गरे अनुसार उपलब्ध हुनेछ ।

५.अन्य सुबिधाहरु शिक्षा विकास निर्देशनालय शिक्षा विकास तथा समन्वय इकाइ र गाउँपालिकाले थप गरे अनुसार दिन सकिनेछ ।

६.दोस्रो पक्षको कार्य सन्तोषजनक नभएमा १५ दिन पूर्व अग्रिम सूचना दिइ यो सम्झौता भङ्ग गर्न सकिनेछ ।

**दोस्रो पक्ष:**
नाम:
ठेगाना:
तह:
विषय:
हस्ताक्षर:
मिति::
रोहबरः

**प्रथम पक्ष:**
नाम:
ठेगाना:
हस्ताक्षर :
मिति
पद:
विधालयको छाप:

# अनुसूची -३

## “अभिलेखीकरण फाराम ”

(यस अनुसूची अन्तरगतका ११ वटै फारामहरु प्रयोग गर्नुपर्नेछ )

**फाराम नं.-१**

म्याग्दे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय छाङ्ग, तनहुँ

करारशिक्षक छनोट परीक्षा २०

<u>लिखित परीक्षाको उपस्थिति विवरण</u>

विज्ञापन नं तह

| क्र सं | परीक्षार्थीको दर्ता नं | परीक्षार्थीको नाम थर | ठेगाना | सम्मिलितविद्यालय | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

प्रमाणित गर्नेको
हस्ताक्षर

**फाराम नं.-२**

म्याग्दे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय छाङ्ग, तनहुँ

करारशिक्षक छनोट परीक्षा २०

लिखित परीक्षाको उत्तरपुस्तिका कोडिङ लेजर

विज्ञापन नं                                   तह

| क्र सं | परीक्षार्थीको दर्ता नं | परीक्षार्थीको कोड नं | | परीक्षार्थीको नाम थर | कैफियत |
|---|---|---|---|---|---|
| | | वस्तुगत | विषयगत | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

प्रमाणित गर्नेको हस्ताक्षर

आज्ञाले
नारायण प्रसाद अधिकारी
प्रमखु प्रशासकीय अधिकृत